नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :
मिति : ...........................

# प्रेस विज्ञप्ति

पूर्व गृहमन्त्री तथा पूर्व मुख्यसचिव श्री माधवप्रसाद धिमिरे र वहाँका परिवार तथा आफन्तहरु चढ्नुभएको गाडी मिति २०७३।६।९ गतेका दिन दूर्घटना भइ त्रिशुली नदीमा खस्दा केही व्यक्तिहरुको मृत्यु भएको र श्री घिमिरे र वहाँका भाईहरु फेला पर्न नसकेको घटनाले सम्माननीय प्रधानमन्त्रीज्यू स्तव्ध हुनुभएको छ ।घटना पश्चात मिति २०७३।६।९ गते बेलुकी नै कायम मुकायम मुख्यसचिव श्री टंकमणि शर्माज्यू श्री घिमिरेज्यूको निवासमा गई आफन्त तथा परिवारलाई भेटी सबै स्थितिको जानकारी सम्माननीय प्रधानमन्त्रीज्यूलाई गराउनु भएको छ ।सम्माननीय प्रधानमन्त्रीज्यूले उक्त घटनाको जानकारी पाउनासाथ यसलाई गम्भीर चासो दिनुभएको र उक्त गाडी र हराईरहेका व्यक्तिहरुको तदारुकताका साथ खोजी गर्न स्थानिय प्रशासन र सुरक्षा निकायहरुलाई निर्देशन दिइसक्नुभएको छ । उक्त खोजी कार्यमा प्रशासन, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल अहोरात्र खटिईरहेका छन् । यस घटनालाई नेपाल सरकारले गम्भीरतापूर्वक लिई हराईरहेका व्यक्तिहरुको खोजीकार्य गरिरहेको र उक्त खोजी कार्यमा कुनै कसर बाँकी नराखे व्यहोरा सबैको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ ।

.................................
चिरञ्जीवी पौडेल
उपसचिव/सहायक प्रवक्ता

१० असोज, २०७३

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np